२०७५।९।३

२८औं बैठक

आज मिति २०७५।०९।०३ गते मंगलबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको अस्थायी सम्पर्क कार्यालय मेघेचौरमा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | श्री सुरेश आचार्य | सदस्य सचिव | |

१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं. २५ मिति २०७५।०८।२४ को पत्रानुसार समायोजन अध्यादेश २०७५ को दफा ६ को उपदफा (४) बमोजिम साविकको स्थानीय निकायबाट स्थायी नियुक्ति पाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई सम्बन्धित स्थानीय तहले अध्यादेश प्रारम्भ भएको मितिले १० दिन भित्र समायोजन भएको पत्र दिई सो को जानकारी मन्त्रालयलाई दिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरी समायोजन अध्यादेश २०७५ को दफा ६ को उपदफा (४) अनुसार आफ्नो कार्यपालिकाबाट निर्णय गराई सम्बन्धित कर्मचारीहरुलाई १० दिन भित्र समायोजन भएको पत्र दिई सो को जानकारी यस मन्त्रालयलाई समेत दिन हुन भनी लेखी आएकोले सो बमोजिम यस कार्यालय अर्न्तगत तपशिल बमोजिमका वडामा वडा सचिवको पदमा कार्यरत तपशिल बमोजिमका नाम थर भएका कर्मचारीलाई त्त वडामा वडा सचिवको समेत कामकाज गर्ने गरी देहाय अनुसार निजहरुको तहमिलान गरी समायोजन भएको पत्र र्निदिष्ट ढाँचामा उपलब्ध गराउने ।

**तपशिल :**

## साविक कार्यरत निकाय, पद तथा तह

| वडा | पद | तह | सेवा/समूह | नामथर |
|---|---|---|---|---|
| कैलेश्वर गा.पा वडा नं-१ | कार्यालय सहायक | सहायक स्तर चौंथो | प्रशासन | सुर्य बहादुर थापा |
| कैलेश्वर गा.पा वडा नं-३ | सहलेखापाल | सहायक स्तर चौंथो | प्रशासन | अमृत कुमार तामाङ |
| कैलेश्वर गा.पा वडा नं-४ | कार्यालय सहायक | सहायक स्तर चौंथो | प्रशासन | लक्ष्मी प्रसाद खतिवडा |
| कैलेश्वर गा.पा वडा नं-६ | सहलेखापाल | सहायक स्तर चौंथो | प्रशासन | सिमा लामा |
| कैलेश्वर गा.पा वडा नं-५ | कार्यालय सहायक | सहायक स्तर चौंथो | प्रशासन | रामकाजी दहाल |
| कैलेश्वर गा.पा वडा नं-३ | कार्यालय सहयोगी | सहायक स्तर प्रथम | प्रशासन | सुर्य बहादुर तामाङ |

## समायोजन भएको निकाय, पद तथा तह

| वडा | पद | तह | सेवा/समूह | नामथर |
|---|---|---|---|---|
| कैलेश्वर गा.पा वडा नं-१ | वडा सचिव | सहायक स्तर चौंथो | प्रशासन | सुर्य बहादुर थापा |
| कैलेश्वर गा.पा वडा नं-३ | वडा सचिव | सहायक स्तर चौंथो | प्रशासन | अमृत कुमार तामाङ |
| कैलेश्वर गा.पा वडा नं-४ | वडा सचिव | सहायक स्तर चौंथो | प्रशासन | लक्ष्मि प्रसाद खतिवडा |
| कैलेश्वर गा.पा वडा नं-६ | वडा सचिव | सहायक स्तर चौंथो | प्रशासन | सिमा लामा |
| कैलेश्वर गा.पा वडा नं-५ | वडा सचिव | सहायक स्तर चौंथो | प्रशासन | रामकाजी दहाल |
| कैलेश्वर गा.पा वडा नं-३ | कार्यालय सहयोगी | सहायक स्तर प्रथम | प्रशासन | सुर्य बहादुर तामाङ |

निर्णय नं. २. यस गाउँपालिकाको भौगोलिक [illegible] तपशिल बमोजिमका सडकको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी सडक निर्माण प्रक्रियालाई गतिशिलता दिन project bank तयार गर्न DPR तयार गर्ने प्रक्रिया अगाडि बढाउने।

(क) - गोचे - गोरीमुढी - पुतलीबाङ - मिर्गे - बगा - डाडागाउँ - हेग्गा सडक

(ख) वास्ले - पुतलीबाङ - मिर्गे सडक

(ग) मैनापोखरी - बगा सडक

(घ) मैनापोखरी - पेर्डी - हेग्गा - नगालह सडक

(ङ) नारुप - आँगेला - बेली - पाङडाडा सडक

(च) खिमचौर - उकाली - खर्बा - बन्तेलगाउँ - हेग्गा सडक

(छ) गोलाई - उपल्लोमुडी - मिर्गे सडक

निर्णय- ३. यस गा पा को विभिन्न काम कारवाहीमा आउन सक्ने कानूनी जटिलताका विषयमा सरलीकरण गर्न तथा सुझाव दिन यस गा पा का वडा नं- ४ निवासी श्री लक्ष्मण रिजालले निशुल्क कानूनी सहयता उपलब्ध गराउन मञ्जुर भई निवेदन गरेकाले निजलाई कानूनी सल्लाहकार नियुक्त गरी निशुल्क रुपमा कानूनी सहयता लिने।

निर्णय नं-४. यस गाउँ पालिकाका विभिन्न खोलामा स्थानीय रुपमा डोजरबाट [illegible] ढुंगा निकासी / बिक्री गर्दा प्रति टन रु ३०० (तीन सय) दर संकलन गरी मात्र निकासी हुन दिने / गर्ने। यस गा पा को सूचना बमोजिम ठेक्का बढाबढ भएका स्थान बाहेक अन्य स्थानबाट कर संकलन गर्दा संकलन गर्ने व्यक्तिलाई संकलित रकमको १०% निजलाई पारिश्रमिक बापत उपलब्ध गराउने।